**खण्ड १**

# व्यास नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
**दमौली तनहूँ ।**

**आधारभुत तथा आकस्मिक सेवाका लागि औषधि खरिद सम्वन्धि सिलवन्दी दरभाउ पत्र आव्हानको सूचना**

**आ.ब. २०७७।०७८** प्रथम पटक प्रकाशीत मिति :२०७७।०८।१२

**ठेक्का नं.१७** /Health/ **०७७।०७८**

आ.ब. २०७७।०७८ मा यस कार्यालयको लागी आबश्यक विभिन्न अत्यवश्यक औषधिहरु सिलबन्दी दरभाउ पत्र आव्हान गरि खरिद गर्नु पर्ने भएकाले सम्बन्धित कार्यको लागि ईजाजत प्राप्त ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रहि रितपुर्वकको सिलवन्दी दरभाउ पत्र आव्हान गरिएको छ ।

१. यो सुचना प्रकाशित भएको मितिले १७ दिन भित्र कम्पनी/फर्मले चालु आ.ब. २०७७/०७८ मा नविकरण भएको ईजाजत प्रमाणपत्र,आयकर दर्ता प्रमाणपत्र,आ.ब.२०७६/०७७ को करचुक्ता प्रमाणपत्र वा नियमानुसार करचुक्ता, मु.अ.कर दर्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरुका साथ यस कार्यालयमा रू.१,०००।- राजश्व (फिर्ता नहुने) बुझाइएको सक्कल रसिद निवेदनका साथ संलग्न राखी कार्यालय समय भित्र दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सक्नेछन् वा यस कार्यालयको राजश्व खाता पा.नं.ग १/१/०/१: ०६००३०००००१००१०००००१ मा रु.१०००।००नगदै जम्मा गरेको बैंक भौचरका सहित शलबन्दी दरभाउपत्र फाराम PPMOS e-GP system :www.bolparta.gov.np/egp डाउनलोड गरी Online मार्फत समेत पेश गर्न सकिने छ ।

२. Hard Copy मार्फत सिलवन्दी दरभाउ पत्र प्रथम पटक प्रकाशित भएको मितिले १७ औं दिनको कार्यालय समय भित्र खरिद गरि सक्नु पर्नेछ

३. सिलवन्दी दरभाउपत्र खरिद दाताले धरौटी बापतको धरौटी रकम यस कार्यालयको ने.बैं.लि. दमौलीमा रहेको व्यास नगरपालिका कार्यालयको धरौटी खाता नं ग ३/०/०/१: ०६००३००००३०००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य वैंकबाट जारी गरिएको एकसय बिस दिन सम्म म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) सिलवन्दी दरभाउ पत्र साथ संलग्न पेश गर्नु पर्ने छ ।

४. सिलवन्दी दरभाउपत्र खरिद कर्ताले सिलवन्दी दरभाउपत्र खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको सिलवन्दी दरभाउ पत्र खरिद गर्नु पर्ने छ । खरिद भएको सिलवन्दी दरभाउ पत्रहरुको यो सुचना प्रकाशित भएको मितिले १८ औं दिन, दिनको १२.०० बजे भित्र सिलवन्दी दरभाउपत्र फाराममा लाहा छाप गरि दरभाउकर्ताको नाम ठेगाना फोन नं. समेत खुलाई सिलबन्दि रुपमा कार्यालयमा दर्ता गराउनु पर्ने छ तथा Oneline मार्फत दरभाउपत्र पेश गर्न इच्छुक फर्मले सिलवन्दी दरभाउ पत्रहरुको यो सुचना प्रकाशित भएको मितिले १८ औं दिन दिनको १२ :०० बजे भित्र सिष्टममा दर्ता गरिसक्नु पर्नेछ ।

५. दर्ता भएका सिलवन्दी दरभाउपत्रहरु १८ औ दिनको २:०० बजे व्यास नगरपालिका कार्यालयमा खोलिने छ ।

६. सिलवन्दी दरभाउ पत्र दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त कार्यहरु हुने छ ।

७. प्रचलित नियमानुसार रित नपुगेको र म्याद नाघि आएको र शर्त राखिएको सिलवन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

८. दर्ता भएका सिलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

९. एक फर्म वा व्यक्तिको नाममा खरिद गरिएको सिलवन्दी दरभाउ पत्र अर्को फर्म वा व्यक्तिको नामबाट सिलवन्दी दरभाउ पत्र दाखिला गर्न पाईने छैन । एक आपसमा मिलिमोतो गरि दरभाउ पत्र दाखिला गरेको पाईएमा त्यस्तो दरभाउपत्र स्विकृत गरिने छैन ।

१०. सिलवन्दी दरभाउ पत्र आईटम वाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षर विचमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । सिलवन्दी दरभाउ पत्र दररेट भर्दा मु.अ.कर बाहेकको दर रेट भर्नु पर्ने छ ।

११. दरभाउ पत्रका साथमा WHO /GMP Certificate प्राप्त कम्पनिहरुबाट उत्पादित औषधिहरु मात्र उपलब्ध गराउनु पर्ने छ साथै औषधि व्यवस्था विभागबाट प्राप्त उत्पादन अनुज्ञापत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ । विदेशी औषधिहरुको हकमा विश्व स्वास्थ्य संगठन कुशल उत्पादन प्रकुया कागजको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।

१२. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार सिलवन्दी दरभाउ पत्रले खरिद कारबाहिमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारबाहिमा आफनो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणापत्र सिलवन्दी दरभाउ पत्र साथ पेश गर्नु पर्ने छ ।
१३. उत्पादक वा अधिकृत वितरकबाट औषधि आपुर्ति गर्न मञ्जुरीपत्र लिएको हुनु पर्ने छ। साथै त्यस्ता वितरकको अधिकारपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।
१४ सप्लाई हुने औषधिको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry मिति, ब्याच नंबर तथा **नेपाल सरकारबाट निशुल्क बितरणको लागी** भनी उल्लेख भएको हुनुपर्नेछ ।
१५ विदेशि औषधिको हकमा औषधि व्यवस्था विभागको पैठारी सिफारिस पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।
१६. औषधी उपलब्ध गराउदा औषधीको Expiry म्याद कम्तिमा १८ महिना अथबा ७५ प्रतिशत भन्दा बढी म्याद बाकी रहेको औषधी उपलब्ध गराउनु पर्नेछ ।
१७, यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावलि २०६४ को शंशोधन सहित तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।
१८ सिलवन्दी दरभाउ पत्र आईटम वाईज मूल्यांकन नगरी एकमुष्ठका आधारमा मूल्यांकन गरिने छ ।
१९. अन्य विस्तृत जानकारीको लागी यस व्यास नगरकार्यपालिकाको वेभ साईट www.vyasmun.gov.np र कार्यालयको फोन नं ०६५-५६००३४ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

| सि.नं | ठेक्का नं | कामको विवरण | दरभाउ दस्तुर ( फिर्ता नहूने गरी) | जमानत रकम | कुल रकम (भ्याट लाग्ने आईटमको भ्याट समेत) |
|---|---|---|---|---|---|
| १ | १७/health/२०७७।०७८) | आधारभुत तथा आकस्मिक सेवाका लागि औषधी खरिद | १०००।०० | ५३,०००।०० | १९,९७,९५१।१३ |